VIBOR
भिवोर विकास बैंक लि.
VIBOR BIKAS BANK LTD.

# भिवोर विकास बैंक लिमिटेडको

## प्रथम बार्षिक साधारण सभा सम्बन्धी सूचना

मिति २०६५/६/६ गतेको संचालक समितिको निर्णय अनुसार यस विकास बैंकको प्रथम वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न बिषयहरु उपर छलफल गरि निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण संस्थापक शेयरधनी महानुभावहरुको उपस्थितिको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति ,स्थान र समय :**

मिति : २०६५/७/८ गते (२४ अक्टोवर २००८) शुक्रबार
समय : अपराह्न ३:०० बजे
स्थान : याक एण्ड यती होटल, दरवारमार्ग ।

**छलफलको बिषयहरु :**

**सामान्य प्रस्तावः**

१) संचालक समितिको आर्थिक बर्ष २०६४/०६५ को बार्षिक प्रतिवेदन पारित गर्ने
२) लेखा परीक्षकको प्रतिवेदन सहित २०६५ आषाढ मसान्तको वासलात र आ.व. २०६४/०६५ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण स्विकृत गर्ने ।
३) आर्थिक बर्ष २०६५/०६६ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने
(वर्तमान लेखा परीक्षक श्री जे.वी.राजभण्डारी एण्ड एसोसिएट्सका चार्टर्ड एकाउण्टेण्ट श्री जितेन्द्र बहादुर राजभण्डारी पुनः नियुक्त हुन सक्ने )
४) अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतको तलब भत्ता तथा सुविधा अनुमोदन गर्ने ।
५) बैंकको केन्द्रीय कार्यालय संचालनका लागि संस्थापकको घर बैंकले भाडामा लिएको निर्णय अनुमोदन गर्ने ।
६) संस्थापक समूहका शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ४ जना संचालकहरुको निर्वाचन गर्ने ।
७) बिविध :

**बिशेष प्रस्ताव :**

१) प्रवन्धपत्रको दफा ७ (ङ) र,
२) नियमावलीको नियम १३ र २३ संशोधन गर्ने ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

**सभा सम्वन्धी जानकारी**

१. शेयरधनी महानुभावहरुलाई शेयरधनीको दर्ता कितावमा कायम रहेको ठेगानामा बार्षिक प्रतिवेदन पुस्तिका पठाइनेछ । कुनै कारणवस उक्त पुस्तिका नपाउनु भएमा भिवोर विकास बैंकको वेवसाइट **www.viborbank.com** मा राखिएकोछ वा बैंकको कार्यालय त्रिपुरेश्वरबाट प्राप्त गर्न सक्नु हुनेछ ।

२. सभामा भाग लिनको लागि प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फाराम कम्पनीको रजिष्टर्ड कार्यालय त्रिपुरेश्वरमा सभा सुरु हुनुभन्दा ४८ घण्टा अगावै कार्यालय समय भित्र दर्ता गरिसक्नु पर्नेछ । प्रतिनिधी मुकरर गर्दा कम्पनीको शेयरवाला बाहेक अन्य व्यक्तिलाई र एक शेयरधनीले कुनै किसिमवाट बिभाजन गरी वा नगरी एक भन्दा बढी शेयरधनीलाइ प्रोक्सी मुकरर गरिएको भएमा सबै प्रतिनिधी बदर हुनेछ तर मुकरर गर्ने शेयरधनिले कुनै एक प्रतिनिधिलाइ मान्यता दिइयोस भनि छुट्टै पत्र लेखि पठाएको अवस्थामा पत्रमा तोकिएको एक प्रतिनिधि (प्रोक्सी)मात्र मान्य हुनेछ ।

३. सभामा भाग लिने प्रत्येक शेयरवाला वा प्रतिनिधिले सभा हुने स्थानमा उपस्थित भै त्यंहा रहेको उपस्थिती पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । उपस्थिती पुस्तिका सभा हुने दिन दिउँसो २ बजे देखि खुल्ला रहनेछ ।

४. आफ्नो नामको शेयर प्रमाणपत्र अनिबार्य रुपमा साथमा लिई साधारण सभामा भाग लिन अनुरोध छ । साविक शेयर प्रमाण-पत्रमा संसोधन गरिएकाले सोको सट्टामा नयाँ शेयर प्रमाण-पत्र सभा स्थलबाट वितरण गरिनेछ ।

५. छलफलका बिषयसुची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ दिन अगावै छलफलको बिषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाइ लिखित रुपमा दिनुपर्नेछ ।

६. अन्य जानकारीको लागि भिवोर विकास बैंक लिमिटेड ,त्रिपुरेश्वरमा सम्पर्क राख्नहुन अनुरोध छ ।